प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति
साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : १९ ■ २०८३ भदौ १४ गते आइतबार ■ Sunday, 30 Aug. 2026 ■ मूल्य रु. ७।-

**नागरिकमैत्री: सार्वजनिक सेवा**

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवा सम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमान्दारिता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिक केन्द्रित बनाऔं,

**सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।**

नेपाल सरकार
विज्ञापन बोर्ड

### मनोबल उच्च बनाएर कलम चलाउन कांग्रेस नेताहरुको आग्रह

## 'साझा संकल्पको विकल्प छैन'



जनज्योति समाचार

दमक/ नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा संविधान सभा सदस्य सुधीर शिवाकोटीले मुलुक संकटमा परेका बेला सरकार पक्ष र प्रतिपक्ष नभनि सबैले साझा संकल्पका साथ सरकारलाई साथ दिएर अघि बढ्नुको विकल्प नभएको बताएका छन् ।

सनिवार झापाको दमकमा नेपाल प्रेस युनियन झापाको जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले भोटेकोशी नदीमा गत बुधबार आएको आकस्मिक बाढीका कारण मुलुकले ठूलो क्षति बेहोर्नु परेको र असिमित धनजनको क्षति भएको घटना इतिहासको दुखद् घटना भएको बताए । उनले यस्तो विषम परिस्थितिमा सबैले आफ्नो ठाउँबाट सक्दो सहयोग गरेर मानविय भावना देखाउनुपर्ने बताएका छन् । कार्यक्रमको प्रमुख अतिथि समेत रहेका उनले सञ्चारकर्मीहरूले मनोबल उच्च बनाएर समग्र देश र जनताको हितमा कलम चलाउन आग्रह गरे ।

कार्यक्रमका विशिष्ट अतिथि कोशी प्रदेश सरकारका पूर्व मुख्यमन्त्री उद्धव थापाले अहिले कांग्रेस एकता र विभाजनको दोसाँधमा रहेको बेला निकट संगठनहरूभित्र भइरहेका अधिवेशनहरूले एकताको पक्षमा उभिएर पार्टीभित्र दवाव श्रृजना गर्नुपर्ने बताए । उनले झापाबाट एकताको सन्देश दिंदै प्रेस युनियनको अधिवेशन सम्पन्न गर्न आग्रह गरे ।

कार्यक्रम सफलताको शुभकामना ब्यक्त गर्दै नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरिले पछिल्लो समय पत्रकारमाथि विभिन्न प्रश्न उठ्ने गरेको भन्दै सामाजिक सञ्जाल र पत्रकारितालाई एउटै टोकरीमा राखेर नहेर्न आग्रह गरे । उनले झापामा पत्रकारको बाँकी ४ पेजमा ▸▸

## तीन पत्रकार सम्मानित



दमक/ नेपाल प्रेस युनियन झापाको जिल्ला अधिवेशनमा तीन जना पत्रकारहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । युनियनले यस वर्षदेखि प्रदान गर्न शुरु गरेको खगेन्द्र पौडेल स्मृति पुरस्कार झापामा क्रियाशील पत्रकार आत्मराम राजवंशीलाई प्रदान गरेको छ ।

यस अघि प्रदान गरिँदै आएको खगेन्द्र कार्की स्मृति अग्रज पत्रकारिता पुरस्कार लीला अनमोल र खगेन्द्र कार्की क्रियाशील पत्रकारिता पुरस्कार युवा पत्रकार सन्तोष विष्टलाई प्रदान गरिएको हो । सम्मानित तीनैजना पत्रकारलाई कार्यक्रमका प्रमुख अतिथि नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा संविधान सभा सदस्य सुधीर शिवाकोटीले सम्मान पत्र वितरण गरेका थिए ।

### रसुवा बाढीको वितण्डा

## ६ सय ६९ शव फेला, २ हजार ३ सय ७१ जनाको उद्धार



दमक/ रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण पुगेको क्षतिको पछिल्लो विवरण नेपाल प्रहरीले सार्वजनिक गरेको छ । शनिबार अपराह्न ४ बजेसम्मको तथ्यांक अनुसार बाढीका कारण हालसम्म ६ सय ६९ वटा शव फेला परेका छन् ।

प्रहरीका अनुसार नवलपरासी पूर्वमा सबैभन्दा धेरै १५८ वटा शव फेला परेका छन् । यस्तै नवलपरासी पश्चिममा ७५, गोरखामा ५४, धादिङमा ४९, नुवाकोटमा ४१, तनहुँमा ३१, चितवनमा २४८ र रसुवामा १३ वटा शव फेला परेका छन् ।

बाढी प्रभावित क्षेत्रमा उद्धार तथा खोज कार्यका लागि ४ हजार ८ सय ५४ जना प्रहरी कर्मचारी परिचालन गरिएको छ। विपद्का क्रममा २७ जना प्रहरी कर्मचारीहरुसमेत हालसम्म सम्पर्कविहीन रहेका छन् ।

यसैगरी बाढीमा परी घाइते भएका तथा उद्धार गरिएका व्यक्तिहरुको सत्त्या २ हजार ३ सय ७१ पुगेको छ । जसमा रसुवामा ६७६, नुवाकोटमा १६२२ र धादिङमा ३ जनाको उद्धार गरिएको छ ।

काठमाडौँ उपत्यकाका विभिन्न अस्पतालहरुमा उपचाररत बाँकी ४ पेजमा ▸▸

## कांग्रेस इतर पक्षले महाधिवेशनको छुट्टै कार्यतालिका ल्याउने




दमक/ नेपाली कांग्रेसको संस्थापन इतर पक्षले १५ औँ महाधिवेशनका लागि छुट्टै कार्यतालिका सार्वजनिक गर्ने भएको छ ।

१५ औँ केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक डा. शशांक कोइरालाले शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएका हुन् ।

पार्टीको केन्द्रीय कार्यसमितिको आधिकारिकताको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गर्दै पार्टीको विधान र संविधान अनुसार वर्तमान कार्यसमितिको पदावधि सकिन लागेको कोइरालाले बताए । आगामी वैशाखमा हुने स्थानीय तहको निर्वाचन र त्यसको केही समयपछि हुने प्रदेश सभा निर्वाचनलाई मध्यनजर गर्दै पार्टीलाई सुदृढ बनाउन महाधिवेशन अनिवार्य भएको उनले उल्लेख गरे ।

'कथित विशेष महाधिवेशनबाट स्वघोषित कार्यसमितिले गर्ने गराउने अधिवेशन तथा महाधिवेशन सम्बन्धी गतिविधिमा सामेल नभई चौधौँ महाधिवेशनबाट निर्वाचित वैधानिक कार्यसमितिले गराउने महाधिवेशनको तयारीमा जुट्न सबै तहका साथीहरुलाई हार्दिक अनुरोध गर्दछु,' विज्ञप्तिमा उल्लेख छ ।

डा. कोइरालाले १५ औँ महाधिवेशनको कार्यतालिका यथाशीघ्र सार्वजनिक गरी प्रक्रिया प्रारम्भ गरिने जानकारी दिए । यसका लागि क्रियाशील सदस्यता व्यवस्थापन समिति, छानबिन समिति र बाँकी ४ पेजमा ▸▸

## कोशी र मधेशका सत्ताइस जना सम्पर्कमा

दमक/ भोटेकोशी नदीमा गत बुधबार आएको आकस्मिक बाढीका कारण सम्पर्कविहीन भएका कोशी प्रदेशका नागरिकमध्ये १५ जना सम्पर्कमा आएका छन् भने १३९ जना अझै सम्पर्कविहीन छन् । प्रदेशका विभिन्न जिल्लाबाट बाढी प्रभावित क्षेत्रमा रोजगारी, व्यापार, पर्यटन, धार्मिक भ्रमण तथा अन्य कामको सिलसिलामा गएका थिए ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी नायब महानिरीक्षक शेखर खनालका अनुसार बाढीका कारण सबैभन्दा बढी प्रभावितमध्ये सोलुखुम्बुका सर्वसाधारण रहेका छन् । सो कार्यालयले उपलब्ध गराएको विवरण अनुसार सोलुखुम्बुका ४१ जनामध्ये दुई जना सम्पर्कमा आएका छन् भने ३९ जनाको अवस्था अझै अज्ञात छ ।

त्यसै गरी ओखलढुङ्गाका २२ जनामध्ये २० जना, उदयपुरका १८ जनामध्ये १५ जना र सुनसरीका १७ जनामध्ये १५ जना अझै सम्पर्कविहीन छन्रू। मोरङका १६ जनाको अवस्था पनि अझै अज्ञात रहेको प्रहरीले जनाएको छ । बाँकी ४ पेजमा ▸▸

## कुटपिटबाट खोटाङका एक शिक्षकको मृत्यु

खोटाङ/ कुटपिटबाट खोटाङका एक शिक्षकको मृत्यु भएको छ । कुटपिटबाट केपिलासगढी गाउँपालिका-७ सुङ्देलस्थित सूर्य माध्यमिक विद्यालयका शिक्षक भानुभक्त राईको मृत्यु भएको हो । पर्यटकीय एवं धार्मिकस्थल सालपा पोखरी क्षेत्रमा शिक्षक राईको बिहीबार राति कुटपिटबाट मृत्यु भएको खबर आएको विद्यालयका प्रधानाध्यापक ललितचन्द्र राईले बताए । लगातार तीन दिन विद्यालय बिदा भएपछि संखुवासभा पुगेर फर्किने भन्दै शिक्षक राई बिहीबार गाउँबाट हिंडेका थिए । बाँकी ४ पेजमा ▸▸

## शिक्षक-कर्मचारी छनोट परीक्षा सञ्चालनमा तनाव

सप्तरी / शिक्षक-कर्मचारी भर्नाका लागि स्थगित छनोट परीक्षा पुन: सञ्चालन गर्न खोजिएपछि सप्तरीको बलान बिहुल गाउँपालिका-६ स्थित जागेश्वर गहिराइ जनता माध्यमिक विद्यालयमा शनिबार तनाव भएको छ।

परीक्षा सञ्चालनको विषयलाई लिएर स्थानीय र सुरक्षाकर्मीबीच विवाद हुँदा झडपको अवस्था सिर्जना भएको हो । विद्यालयको गेट खोल्ने विषयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, गाउँ प्रहरी र स्थानीयबीच विवाद भएको स्थानीयले बताएका छन् । घटनामा केही व्यक्तिमाथि कुटपिटसमेत भएको स्थानीयको दाबी छ।

विद्यालयले प्लस टुतर्फ लेखा र अंग्रेजी विषयमा एक-एक जना तथा प्राविधिक धारतर्फ विभिन्न प्रशिक्षक पदमा करार नियुक्तिका लागि परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो। यसअघि बुधबार तय भएको परीक्षा विवादपछि स्थगित गरिएको थियो।

शनिबार पुन: परीक्षा सञ्चालन गर्न खोजिएपछि स्थानीयले विरोध जनाएका थिए। त्यसपछि विद्यालय परिसरमा ठूलो संख्यामा स्थानीय भेला भएका थिए भने सुरक्षाकर्मी परिचालन गरिएको थियो।

भर्ना प्रक्रियामा आर्थिक चलखेल भएको आरोप लगाउँदै बलान बिहुल-६ का वडाध्यक्ष सूर्यकुमार दासले विद्यालयको प्रशासन कक्षमा बाँकी ४ पेजमा ▸▸

## धनकुटामा गाईजात्राको रौनक



पाख्रीबास/ प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठदिन मनाइने सांस्कृतिक पर्व गाईजात्रा धनकुटामा पनि मनाइएको छ । शनिबार नेवारी समुदायले सांस्कृतिक पर्व गाईजात्रा मनाएका हुन् ।

धनकुटाको श्रीवनीस्थित कृष्ण मन्दिरबाट सुरू भएको जात्रालाई बजार क्षेत्र परिक्रमा गरिएको थियो । धनकुटा बजार क्षेत्रमा वर्षभरि मृत्यु भएका दिवंगत भएका १२ घर परिवारका नाममा जात्रा निकालिएको थियो ।

श्रीवनीस्थित कृष्ण मन्दिरबाट सुरू भएको जात्रा .मनद चोक, कोशी ग्यास चोक, परिचय मोड, भीमसेनथान, भीमनारायण चोक, माथिल्लो कोप्चे, हटिया, तल्लो कोप्चे हुँदै तल्लो टुँढिखेल बजार परिक्रमा गरेर समापन भएको थियो ।

नगर परिक्रमा गर्दा मृत्यु भएका व्यक्ति गाईको पुच्छर समातेर वैतरणी पार हुन्छ भन्ने धार्मिक विश्वास रहिआएको छ । यस्तै पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यंग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणका करूण रसका गीत समेत प्रस्तुत गरिन्छ ।

राजा प्रताप मल्लले पुत्रशोकले भावविह्वल आ ँनी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन जनतालाई मृत्यु भएका बाँकी ४ पेजमा ▸▸

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

# सम्पादकीय

## बेपत्ताको खोजीमा सम्वेदनशिल बन्न आवश्यक

रसुवाको बाढी र पहिरोले भौतिक संरचना मात्र तहसनहस पारेको छैन, देशका विभिन्न जिल्लाका परिवारलाई गहिरो अनिश्चिततामा धकेलेको छ । सरकारले विभिन्न उपाय अवलम्बन गरेर बेपत्ताको खोजी कार्य गरिरहेको भए पनि अझै यसको रफ्तार बढाउनुपर्ने बेपत्ता भएका व्यक्तिका परिवारको वियोगले देखाइरहेको छ ।

कोशी प्रदेश प्रहरीका अनुसार रसुवाको विपत्तिमा परेर प्रदेशका विभिन्न जिल्लाका १४० नागरिक अझै बेपत्ता छन् । प्रारम्भिक सूचीमा रहेका १५८ मध्ये १८ जना परिवारको सम्पर्कमा आए पनि बाँकीको अवस्था अज्ञात छ । यो केवल एउटा तथ्यांक होइन । १४० जना बेपत्ता हुनु भनेको सयौं आफन्तको आशा र त्रासबीच बितिरहेको जीवन हो । मोरङको सुन्दरहरैंचा-विराटचोकको शान्ता कार्कीका श्रीमान् सूर्यबहादुर कार्की र जेठाजु कुलबहादुर कार्की चार दिनदेखि सम्पर्कविहीन छन् । यस्तै पथरी शनिश्चरे-३ का रिचा निरौला, विराटनगरका सचिन गौतम, विराटनगर-८ का दुर्गा प्रसाद पोखरेल, सुन्दरहरैंचा सलकपुरका भोजराज अधिकारीलगायत उनीहरुजस्तै अन्य धेरै व्यक्तिको 'खोजी भइरहेको छ' भन्ने औपचारिक जवाफले मात्रै पुग्दैन । उनीहरुलाई हरेक दिन नयाँ र विश्वसनीय सूचना चाहिएको छ ।

विपत्ति प्राकृतिक हुन सक्छ, तर त्यसबाट हुने क्षतिको मात्रा धेरै हदसम्म राज्यको तयारीमा निर्भर हुन्छ । पूर्वसूचना, जोखिम क्षेत्रमा रहेका नागरिकको अभिलेख, वैकल्पिक सञ्चार प्रणाली, उद्धारको पूर्वतयारी र प्रभावकारी समन्वय भएको भए क्षति कम गर्न सकिन्थ्यो कि सकिँदैनथ्यो भन्ने प्रश्न अब गम्भीर रुपमा उठ्नुपर्छ ।

अझै महत्वपूर्ण प्रश्न बेपत्ता नागरिकको सूचना व्यवस्थापन हो । सञ्चार र यातायात अवरुद्ध भएकाले तथ्यांक यकिन गर्न कठिनाइ हुनु स्वाभाविक हो । तर विपत्तिका बेला राज्यसँग एउटा एकीकृत सूचना प्रणाली नहुनु स्वीकार्य कमजोरी होइन । प्रत्येक बेपत्ता व्यक्तिको नाम, ठेगाना, अन्तिम सम्पर्क, खोजीको अवस्था र फेला परेको विवरण एउटै आधिकारिक प्रणालीबाट परिवारलाई उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

सरकारको प्राथमिकता अहिले राहत बाँड्नु र उद्धार गर्नु मात्र होइन, हराइरहेका नागरिकलाई खोज्नु र तिनका परिवारलाई सत्य सूचना दिनु पनि हो । एउटा नागरिकको अवस्था बुझ्न परिवारले विभिन्न कार्यालय धाउनुपर्ने अवस्था अन्त्य गर्नुपर्छ ।

रसुवाको विपत्तिले हामीलाई एउटा पाठ दिएको छ-विपद् व्यवस्थापन राहतको राजनीति होइन, पूर्वतयारी र जवाफदेहिताको प्रणाली हो ।

आज १४० नागरिकको खोजी भइरहेको छ । उनीहरुमध्ये धेरै सुरक्षित भेटिन सकून्, यही आशा सबैको छ । तर आशालाई परिणाममा बदल्ने जिम्मेवारी राज्यकै हो । बाढीले नागरिकलाई बेपत्ता बनाएको छ, राज्यले उनीहरुलाई तथ्यांकमा मात्र हराउन दिनु हुँदैन ।

# त्रिसुलीको नरसंहार



उत्तमप्रसाद भट्टराई
uttam.dmk01@gmail.com@gmail.com

**प्रकृतिको गति आफनै प्रकारको हुन्छ । उसको चाल गति र समय कसैले पनि भनक पाँउदैन । हावा कहिले कुन दिशाबाट बहन्छ ? कहिले सानो गतिमा हुन्छ, कहिले डर लाग्दो स्वरुप वनाउदै विनासलिला मच्चाउँछ । समुद्रको चाल शान्त हुन्छ । त्यहि शान्त र भद्र चालमा धेरैलाई निलेको प्रमाण पाइन्छ ।**

*O Spartan dog,*
*More fell than anguish, hunger, or the sea !*
*Look on the tragic loading of this bed (Act V, Scene II, 368-370).* (ओ स्पार्टन कुकूर, तिमी दुखः, भोक वा समद्र भन्दा धेरै दुष्ट हौ, विस्तरामा रहेका दुखःत मृत्युलाई हेर) (पंक्ति ३६८-३७०)

विलियम सेक्सपियरद्धारा लिखित दुखान्त नाटक ओथेलोको अन्तिम संवादमा वोल्दै लोडोभिकोले उपर्युक्त भनाई राखेका हुन । दुष्ट खलनायक यागोलाई उनि संवोधन गर्दै तिन माहान आत्माका लास देखाउदै छन् । यागो ओथेलोकी श्रीमति डेस्डिमोनाका चरित्रका बिरूध्ध उसलाई भड्काउछ । सरल हृदय भएको ओथेलो र कोमलताले भरिएकी डेस्डिमोना खलनायक यागोमाथी पूर्ण विश्वास गर्छन् । यागोका दुष्ट कुराले ओथेलो भडकिन्छ । श्रीमति विश्वासघाती भएको ठहर भएपछि ओथेलो श्रीमतिको हत्या गर्छ । असलगुणकी खानी डेस्डिमोनाको हत्याले यागोकी श्रीमति इमिलियाको हृदय पग्लिन्छ । उनि डेस्डिमोना विश्वासघाती नभएको भनी आफ्नो श्रीमान् विरूद्ध बोल्छिन् । त्यसकारण यागो उनको हत्या गर्छ । उनि रूदै डेस्डिमोनाको दिगवंत शरीर रहेको विस्तरामा ढल्छिन् । कमजोरी थाहा पाएर सच्याउन नसक्ने अवस्थामा पुगेको ओथेलो आत्महत्या गर्छ र मृतक श्रीमतिका छेउमा ढल्छ । तिनवटा लासलाई दैखाउदै लोडोगिको ११ पंक्तिको संवाद भन्छ, माथी उल्लेखित पंक्ति अन्तिम संवादको पहिलो, दोस्रो र तेस्रो पंक्ति हुन् ।

उपरोक्त भनाईमा तिन बस्तु दुखः, भोक र समुद्रलाइ दुष्ट भनिएको छ । महान नाटककार सेक्सपीयरको समय (१५६४-१६१६ ) मा वेलायत कमजोर थियो । जनताका गाँस, बास र कपासको सहज व्यवस्थापन भएको थिएन । अतः दुखः भोकलाई दुष्ट, नीर्दयी भन्नु स्वभाविक हो । तर नाटककारले समुद्रलाई किन दुष्ट भने? समुद्र पकृतिको अंश हो । प्रकृति बिना मानव लगायत सबै प्राणिको जिवन समाप्त हुन्छ । समुद्रको महिमा ठूलो छ । सवै प्राणिको प्यास मेटाउने समुद्र हो । सबैलाई शितलता प्रदान समुद्रले गर्छ । संसारको हरियालीको स्रोत समुद्र हो । त्यस्तो महत्वपूर्ण स्रोतलाई नाटककारले किन दुष्टको संज्ञा दिए र दुष्ट यागोसँग तुलना गरे? यस प्रश्नले मेरो मस्तिकमा ठूलो खलवली मचाएको छ । मस्तिष्कले सोच्न बाध्य बनाएको छ कि समुद्रका के वैगुण छन ? प्राचिन काल, मध्यकाल र सेक्सपियरका समयमा समुद्रमा जाहाज दुर्घटनामा पर्ने सम्भावना धेरै थियो होला, साना ठुला जाहाज गन्तव्यमा नपुगी समुद्रमा समाहित हुन्थे होलान् ? मालसमानले भरिएका जाहाज र यात्री जाहाज दुर्घटनाका कारण धेरै जनधनका क्षती भएको हुनु पर्छ । सामुद्रिक ज्वारभाटा वा सुनामीका कारण किनार आसपास धेरै जनधनको क्षति भएर होला, सेक्सपियरले समुद्रलाई दुष्ट भनेका थिए भनी बुझ्नु पर्ने हुन्छ ।

२०८३ साल स्रावण महिनामा मैले ओथेलो नाटकलाइ पुनः आनन्द लिने मौका पाएँ । विस्तृत रुपमा अध्ययन गरैं । नायिका डेस्डिमोनाका मन पिरोलीएको वचनले मेरो मुटु छोयो । के मैले पुनः मेरो श्रीमानको माया पाउन सक्छु ? भन्ने भनाइले मेरा आँखा रसाए । नायकको मृत्यु र कोमलताको खानी नायिका डस्डिमोना र इमिलियाका लासले दुखीः भएको लोडोभिको भन्छन्, तत्काल जाहाजमा भेनिस गएर यो दुखतः विनासलिलाको खवर दिनेछु । नाटकको यो अन्तिम पंक्ति हो । यस भनाईले पाठकका मुटु गाँठा पर्छन् । विश्व प्रशिद्ध दुखान्तः यस नाटकमा सेक्सपियरको लेखनि कलाका प्रश्न गर्ने ठाँउ छैन । तर समुद्रलाई दुष्ट भनेकोमा उक्त शब्दको व्याख्या खोज्दैछ, मेरो मन ।


प्रकृतिको गति आफनै प्रकारको हुन्छ । उसको चाल गति र समय कसैले पनि भनक पाँउदैन । हावा कहिले कुन दिशाबाट बहन्छ ? कहिले सानो गतिमा हुन्छ, कहिले डरलाग्दो स्वरुप वनाउदै विनासलिला मच्चाउँछ । समुद्रको चाल शान्त हुन्छ । त्यहि शान्त र भद्र चालमा धेरैलाई निलेको प्रमाण पाइन्छ । गत भाद्र १० गते विहानका समयमा त्रिसुली नदिको ताण्डव हेर्न र सुन्न नसकिने थियो । हजारौं सुन्दर घर सहित अरबौंका सम्पति क्षण भरमा चकनाचुर भए । हजारौं मानीस सहित देशको भविश्य त्रिशुलीमा विलिन भए । घर, दोकान बाटों, सडक, पक्कि पुल, झोलुगें पुल, हरियाली खेत सबै बगे, सबै सकिए । भौतिक सम्पति धेरै क्षति भयो ।

भौतिक क्षति दशौं वर्षमा पुर्ती गर्न सकिन्छ । धेरैले भौतिक क्षतिको मेहनत र परिश्रमले ब्यवस्थापन गरेका छन् तर श्रमजीवि नेपाली त्रिसुलीका काखमा समाहित भएको कहिले पनि पुर्ती हुन सक्दैन । मानीसका क्षतीको क्षतीपुती गर्ने सन्सारमा कुनै मेसीनरी छैन र हुँदैन पनि । त्रिसुली माताले गोदमाराखि वैकुण्ठ पुर्‍याएका ब्यक्तिका सम्बन्धमा कल्पना गर्न समेत सकिदैन । उनिहरूका रमाइला संसार सबै समाप्त भये । परमधाम भएका बालुवामा मिसीएका लास हेरेर कस्का आँखा रसाएनन् होला ।सबै सम्पति सकिएर परिवार सग्लो रहेको भए प्रारम्भमा दुखः लाग्थ्यो । मर्न पाएको भए पनि हुन्थ्यो भन्थे, तर समयको चालसँग उनिहरू त्यो प्रलयकाल बीर्सिदै जान्थे । दशौं वर्षमा पुनः नयाँ अवतार लिने थिए । बालक, जवान बड्दै जान्थे, पछि त्यहि पुँजी हुन्थ्यो, मानव पुँजी ।

एउटा खोलाले सबै समाप्त गरिरियो । अब भन्नु पर्ने समय आयो । त्रि'सुली, तिमि दुष्ट, विनाशसिल हौ र धेरै मानिसका सन्दर सन्सारलाई तिमिले क्वाप्ल्यापकुप्लुप बनायौ । मानीसले पौरख गरेर पसिना बगाएर जीवनमा कमाएको श्रीसम्पती क्षणभरमा स्वाहा भयो, तिमिले बनायौ । हजारौ मानीस चौपाया पशुहरू लास वनेर बिलिन भए । हे त्रिसुली, किन त्यती विनाशकारी भयौ, तिमि । नदि नभएको स्थानमा नबस्नु तर निश्चित दुरी बनाउनु भन्ने भनाइ समाजमा पाइन्छ । यस उतिलाइ मनन् गर्नु जरूरी भएको त्रीसुली नदिको संदेश छ । बाँचेका मानिसले अब आफ्नो बर्बादी हेर्दै त्रिसुलीलाइ दुष्ट विनासकारी भन्छन, जसरी सेक्सपियरले समद्रलाई दुष्टको संज्ञा दिएका थिए । अस्तु ।॥

नोटः यहाँ स्पार्टन कुकूर भनि यागोलाइ भनिएको हो । स्पार्टन कुकूर धेरै खतरनाक हुन्छन् भन्ने चलन रहेछ ।

## विश्व रोचक




**१. ११ हजार वर्ष पुरानो 'मानिस-चितुवा' मूर्ति भेटियो**

टर्कीको कराहान्तेपे पुरातात्विक क्षेत्रमा मानिस चितुवामाथि बसेको देखिने करिब ११ हजार वर्ष पुरानो मूर्ति फेला परेको छ। यसलाई उक्त क्षेत्रबाट भेटिएको विशिष्ट पुरातात्विक खोज मानिएको छ।

**२. बिरालोले गन्धबाट एक-अर्कालाई चिन्ने नयाँ संकेत**

नयाँ अनुसन्धानले बिरालोको पिसाबमा रहने विशेष फ्याट्टी एसिडको गन्धीय संकेत लामो समयसम्म स्थिर रहने र अन्य बिरालोले त्यसबाट अर्को बिरालोको पहिचान गर्न सक्ने देखाएको छ। अर्थात्, बिरालोको संसारमा 'सुगन्ध नै परिचयपत्र' जस्तै हुने रहेछ।

**३. २५ देशका १ हजार मानिसले जमिनमुनि आफ्नै अन्डरवेयर गाडे**




विश्वका २५ देशका करिब १,००० नागरिक वैज्ञानिकले कपासका अन्डरवेयर जमिनमा गाडेर केही समयपछि निकाल्ने अनौठो प्रयोग गरेका छन्। उद्देश्य भनेको माटोमा रहेका सूक्ष्मजीवले कपासलाई कति छिटो विघटन गर्छन् भन्ने अध्ययन गर्नु हो।

**४. 'विश्वकै कुरुप कुकुर' को उपाधि फेरि चर्चामा**

अमेरिकामा भएको चर्चित WorldÚs Ugliest Dog प्रतियोगितामा उद्धार गरिएको ku जातको कुकुर Jinny Lu ले यस वर्षको उपाधि जितेको छ। सामाजिक सञ्जालमा भने 'कुरूप'भन्दा पनि उसको अनुहार र कथा नै बढी चर्चामा छ।

**५. एकै रात दुई विश्व कीर्तिमान**

ज्युरिख डायमन्ड लिगको रोचक रातमा अमेरिकाकी Masai Russel ले महिला १०० मिटर हर्डल्स र ब्राजिलका Alison dos Santos ले पुरुष ४०० मिटर हर्डल्समा विश्व कीर्तिमान बनाएका छन्।




**६. १५० वर्षपछि पुस्तक पुस्तकालयमा फिर्ता**

अष्ट्रेलियामा एउटा पुस्तक करिब १५० वर्षपछि सम्बन्धित पुस्तकालयमा फिर्ता गरिएको छ। पुस्तक घरको चिम्नीभित्र इँटाले छेकेर राखिएको अवस्थामा भेटिएको थियो।

## क्षयरोग परीक्षण गराउन चिकित्सकको सुझाव

दमक । दुई साताभन्दा बढी समयसम्म लगातार खोकी लागिरहेको छ भने त्यसलाई सामान्य रुघाखोकी ठानेर बेवास्ता नगर्न चिकित्सकले सुझाव दिएका छन् । लामो समयसम्म खोकी लाग्नुका साथै तौल घट्नु, राति पसिना आउनु, ज्वरो आउनु र कमजोरी महसुस हुनु क्षयरोग (टीबी) का लक्षण हुन सक्ने भएकाले समयमै परीक्षण गराउन स्वास्थ्यकर्मीले आग्रह गरेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)को अनुमानअनुसार नेपालमा सन् २०२४ मा करिब ६७ हजार नयाँ क्षयरोगी रहेको अनुमान छ । क्षयरोगकै कारण हरेक वर्ष करिब १६ हजार जनाको मृत्यु हुने गरेको अनुमान छ ।

क्षयरोग उपचारबाट निको हुने रोग भए पनि रोग पहिचानमा ढिलाइ र उपचार पूरा नगर्ने प्रवृत्तिका कारण यसबाट हुने मृत्यु र संक्रमणको जोखिम अझै उच्च छ । उपलब्ध तथ्यांकअनुसार क्षयरोगका बिरामीमध्ये ७२ प्रतिशतमा फोक्सोसम्बन्धी क्षयरोग र २८ प्रतिशतमा फोक्सोबाहेक शरीरका अन्य अंगमा हुने क्षयरोग देखिएको छ ।


नेपालमा अनुमानित क्षयरोगीमध्ये अझै ४१ प्रतिशत बिरामी उपचारको पहुँचमा आउन नसकेको तथ्यांकले देखाउँछ । यसले क्षयरोग नियन्त्रणमा रोग पहिचान र उपचारको पहुँच विस्तार गर्नु प्रमुख चुनौती रहेको देखाएको छ ।

लामो समयसम्म खोकी लागेका कतिपय व्यक्तिले मौसम परिवर्तन, सामान्य रुघाखोकी वा अन्य कारणले यस्तो भएको भन्दै परीक्षण नगराउने गरेका छन् । यसरी लक्षणलाई बेवास्ता गर्दा रोग पहिचानमा ढिलाइ हुनुका साथै संक्रमित व्यक्तिबाट परिवार र समुदायका अन्य व्यक्तिमा क्षयरोग सर्ने जोखिम बढ्छ । विशेषगरी फोक्सोको क्षयरोग भएका व्यक्तिले खोक्दा, हाच्छ्युँ गर्दा वा बोल्दा निस्कने सूक्ष्म कणबाट संक्रमण फैलिन सक्छ । त्यसैले लामो समयसम्म खोकी लागिरहेका व्यक्तिले स्वास्थ्य संस्थामा पुगेर आवश्यक परीक्षण गराउनु महत्वपूर्ण हुन्छ ।

स्वास्थ्यकर्मीका अनुसार क्षयरोग पुष्टि भएमा चिकित्सकको सल्लाहअनुसार नियमित रूपमा औषधि सेवन गरी उपचारको पूरा अवधि पूरा गर्नुपर्छ ।

**विपद्मा बालबालिका**

## रसुवा बाढीमा १७ हजार बालबालिका प्रभावित, १४ को मृत्यु पुष्टि




दमक । रसुवा, नुवाकोट र धादिङमा आएको विनाशकारी बाढीबाट कम्तीमा १७ हजार बालबालिका प्रभावित भएका छन् । बाढीपछि बालबालिकाको सुरक्षा, स्वास्थ्य, पोषण, शिक्षा तथा मनोसामाजिक अवस्थालाई लिएर जोखिम बढेको भन्दै युनिसेफले तत्काल मानवीय सहायता आवश्यक रहेको जनाएको छ ।

युनिसेफका अनुसार प्रारम्भिक विवरणमा बाढीबाट कम्तीमा १४ बालबालिकाको मृत्यु पुष्टि भएको छ । सयौं मानिस अझै बेपत्ता रहेकाले खोज तथा उद्धार कार्य अघि बढ्दै जाँदा मृतक तथा प्रभावित बालबालिकाको संख्या थपिन सक्ने बताइएको छ ।

बाढीले घर, विद्यालय तथा आधारभूत संरचना बगाएपछि प्रभावित क्षेत्रका बालबालिका अहिले सुरक्षित आवास, स्वच्छ खानेपानी, खाद्यान्न, स्वास्थ्य सेवा र संरक्षणको अभावमा पर्न सक्ने जोखिम बढेको छ । युनिसेफले बालबालिकालाई तत्काल सुरक्षित स्थान, स्वास्थ्य तथा पोषण सेवा, खानेपानी र सरसफाइका साथै संरक्षण तथा मनोसामाजिक सहयोग आवश्यक रहेको जनाएको छ ।

**रूख चढेर ज्यान जोगाएका जोयल**

बाढीको भयावहता र त्यसबीच बालबालिकाको संघर्षको एउटा मार्मिक उदाहरण ८ वर्षीय जोयल घले बनेका छन् ।

रसुवामा बाढी आउँदा जोयल एक साथीका साथ जंगलतिर भागेका थिए । बाढीको भेलबाट बच्न उनी रुखमा चढेर बसे । उद्धारका क्रममा उनलाई खुट्टा भाँचिएको र अनुहारमा चोट लागेको अवस्थामा भेटिएको थियो । पछि हेलिकोप्टरबाट काठमाडौं ल्याएर उपचार गराइएको थियो ।

बाढीपछि जोयलकी आमा माटीमाया तामाङ आफ्ना दुई छोराको खोजीमा विभिन्न आश्रयस्थल र सम्पर्क केन्द्र धाइरहेकी थिइन् । एक समय उनले दुवै छोरा बाढीमा परेको आशंकासमेत गरेकी थिइन् । अन्ततः जोयलसँग उनको पुनर्मिलन भएको च्भगतभचक ले जनाएको छ ।

जोयलको घटना बाढी प्रभावित बालबालिकाको अवस्थाको एउटा प्रतिनिधि कथा मात्र हो । धेरै बालबालिका आफन्तबाट छुट्टिएका, परिवारसँग सम्पर्कविहीन भएका वा घरबार गुमाएका हुन सक्ने भएकाले उनीहरूको अवस्थाबारे छुट्टै विवरण संकलन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**बालबालिकाको छुट्टै तथ्यांक अझै आवश्यक**

बाढीबाट प्रभावित कुल १७ हजार बालबालिकाको तथ्यांक सार्वजनिक भए पनि तीमध्ये कति बालबालिका बेपत्ता छन्, कति घाइते छन्, कति परिवारबाट छुट्टिएका छन् र कति विस्थापित भएका छन् भन्ने छुट्टाछुट्टै आधिकारिक विवरण भने अझै सार्वजनिक भएको छैन ।

यही कारण राहत तथा उद्धारसँगै बालबालिकाको पहिचान र अवस्थाको अभिलेख तयार गर्नु चुनौती बनेको छ । विशेषगरी अभिभावकसँग सम्पर्क नभएका बालबालिकाको पहिचान, पारिवारिक पुनर्मिलन र सुरक्षित संरक्षणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

बाढीपछि विद्यालय तथा बालमैत्री संरचनामा समेत क्षति पुगेको छ । यस्तो अवस्थामा बालबालिकालाई केही दिनको राहत दिएर मात्र पुग्दैन । उनीहरूको शिक्षा निरन्तरता, मानसिक स्वास्थ्य, पोषण र पारिवारिक सुरक्षासमेत पुनःस्थापनाको योजनामा समेटिनुपर्छ ।

बालबालिका विपत्तिमा सबैभन्दा जोखिममा पर्ने समूह भएकाले अहिलेको उद्धार अभियानमा उनीहरूको खोजीलाई छुट्टै प्राथमिकता दिनुपर्ने सरोकारवालाहरूको जोड छ । बाढीले भौतिक संरचना बगाए पनि बालबालिकाको भविष्य बग्न नदिन राज्य र मानवीय सहायता निकायले तत्काल दीर्घकालीन योजना अघि बढाउनुपर्ने देखिन्छ ।

**माटोमुनि बच्चा रोएपछि उद्धार**

रसुवाको गोसाईकुण्ड गाउँपालिका-२ टिमुरेमा बाढी(पहिरो गएको दोस्रो दिन सशस्त्र प्रहरी बलको उद्धार टोलीले माटोमुनि पुरिएकी करिब ६ वर्षीया बालिकालाई सकुशल उद्धार गरेको छ । शुक्रबार साँझ करिब ६:१५ बजे टिमुरे क्षेत्रमा खोज तथा उद्धारमा खटिएको सशस्त्र प्रहरीको टोलीले माटोमुनिबाट बालिका रोइरहेको आवाज सुनेपछि तत्काल खोजी थालेको थियो । त्यसक्रममा माटोमुनि पुरिएको अवस्थामा बालिकालाई फेला पारेर उद्धार गरिएको हो । सीमा सुरक्षा चौकी टिमुरेबाट सप्रनिको कमाण्डमा खटिएको ६ जनाको टोलीले बालिकालाई उद्धार गरी चौकीमा ल्याएको हो । उद्धारका क्रममा बालिका गम्भीर अवस्थामा रहेकी र अचेत अवस्थामा फेला परेको जनाइएको छ ।- सामाजिक सञ्जाल

# ९४ वर्षीया गुनकेशरी बाँचिन्, वृद्धाश्रमका चार ज्येष्ठ नागरिक फर्किएनन्



दमक । रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा वृद्धाश्रम नै बगाउँदा ९४ वर्षीया गुनकेशरी बोहरा हिलोमुनिबाट जीवित उद्धार भइन् । तर उनीसँगै आश्रय लिइरहेका चार ज्येष्ठ नागरिक भने नफर्किने बाटोमा गए । रसुवास्थित वृद्धाश्रममा करिब ३५ जना ज्येष्ठ नागरिक आश्रित रहेकोमा बाढीपछि चार जनाको मृत्यु भएको उद्धार गरिएका व्यक्तिले बताएका छन् । बाढीले आश्रम र आसपासका संरचना तहसनहस बनाएपछि गुनकेशरीलाई नेपाली सेनाको उद्धार टोलीले हिलोमुनिबाट जीवित निकालेको थियो ।

उद्धारका क्रममा गम्भीर अवस्थामा भेटिएकी गुनकेशरीलाई उपचारका लागि काठमाडौं ल्याइएको थियो । बाढीको त्रासदी र त्यसपछिको अवस्थाले उनी गहिरो मानसिक आघातमा समेत परेको विवरण सार्वजनिक भएको छ ।

९४ वर्षको उमेरमा हिलोमुनिबाट ज्यान जोगाएको यो घटना आफैंमा असाधारण छ । तर गुनकेशरीको जीवन बचेको खुसीसँगै उनीसँगै रहेका अन्य ज्येष्ठ नागरिकको मृत्युले विपद्का बेला सबैभन्दा कमजोर समूहको सुरक्षा कति चुनौतीपूर्ण छ भन्ने प्रश्न पनि उठाएको छ ।

वृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा दीर्घरोगीहरू विपद्का बेला तत्काल हिँडेर सुरक्षित स्थानमा पुग्न नसक्ने जोखिममा हुन्छन् । उनीहरूका लागि सामान्य उद्धार योजना पर्याप्त हुँदैन । पूर्वसूचना पाएपछि सुरक्षित स्थानमा लैजाने व्यवस्था, औषधि तथा स्वास्थ्य सेवाको निरन्तरता र उद्धारका क्रममा प्राथमिकता दिनुपर्ने आवश्यकता हुन्छ ।

तर रसुवा बाढीमा प्रभावित ज्येष्ठ नागरिकको कुल संख्या कति हो, कति बेपत्ता छन्, कति घाइते छन् र कति सुरक्षित स्थानमा सारिएका छन् भन्ने छुट्टै आधिकारिक तथ्यांक भने अझै सार्वजनिक भएको छैन । उपलब्ध विवरणमा बालबालिका र समग्र प्रभावितको संख्या आए पनि ज्येष्ठ नागरिकको छुट्टै वर्गीकरण गरिएको तथ्यांक अभाव देखिन्छ ।

यही कारण गुनकेशरीको कथा एउटा व्यक्तिको बाँचाइमा मात्र सीमित हुँदैन । यसले विपद् व्यवस्थापनमा ज्येष्ठ नागरिकको अवस्थालाई छुट्टै प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याएको छ ।

विपत्तिको समयमा उद्धारको पहिलो उद्देश्य जीवन बचाउनु हो । तर सबै मानिसको उद्धार क्षमता समान हुँदैन । ९४ वर्षीया गुनकेशरी आफैं दौडेर सुरक्षित हुन सक्दिनथिन् । उनलाई बचाउन उद्धार टोली पुग्नुपर्‍यो । यही तथ्यले विपद् योजनामा ज्येष्ठ नागरिकका लागि विशेष तयारी किन आवश्यक छ भन्ने देखाउँछ ।

अब राहत र पुन:स्थापनासँगै सरकारले प्रभावित क्षेत्रका ज्येष्ठ नागरिकको यकिन विवरण संकलन, सुरक्षित आवास, औषधि उपचार, मनोसामाजिक सहयोग र परिवारसँग पुनर्मिलनलाई प्राथमिकतामा राख्न आवश्यक छ ।

गुनकेशरी बाँचिन् । उनको जीवन राज्यका लागि उद्धार सफलताको एउटा कथा बन्न सक्छ । तर वृद्धाश्रमका चार ज्येष्ठ नागरिकको मृत्युले अर्को कठोर प्रश्न छाडेको छ(विपत्ति आउँदा सबैभन्दा असहाय नागरिकलाई बचाउन हाम्रो तयारी पर्याप्त थियो त ?

यो प्रश्नको जवाफ खोज्नु अब राहत बाँड्नुभन्दा कम महत्वपूर्ण छैन ।

## प्रेरक भनाई

- -आफ्नो गल्तीलाई स्विकार नगर्नु, फेरी अर्को गल्ती गर्नु हो ।
- -कहिल्यै परिस्थिती अनुरुप आफुलाई बदल्ने नगर, किनभने परिस्थिती बदल्ने सामार्थ्य तिमीसँगै छ ।
- -आफु स्वयंमका लागि समय देउ, किनभने तिम्रो पहिलो आवश्यक्ता तिमी स्वंयम हौं ।
- -कोही साथी चप्पल जस्तै हुन्छन् । साथ त दिन्छन्, तर पछाडिबाट हिलो छ्याप्छन् ।
- -जुन आज तिम्रो हो, त्यो हिजो अरु कसैको थियो । र, भोलि अर्कैको हुनेछ । परिवर्तन नै संसारको नियम हो ।
- -जसले मनलाई नियन्त्रण गर्न सक्दैनन्, उसका लागि मन नै सत्रु समान हुन्छ ।
- -मान्छे आफ्नो विश्वासबाट निर्मित हुन्छ । उसले जे विश्वास गर्छ, त्यही हुन्छ ।
- -कर्म बन्धन होइन, मुक्ती हो ।
- -प्रथमत तिमीले आफुलाई त्यस्तै बनाउनुपर्छ, जस्तो अरुबाट अपेक्षा राख्छौं ।
- -जब जीवनमा अन्धकार छाउँछ, विचलित नहुनु । किनभने अन्धकारमा नै तारा देखिन्छ ।
- -क्रोध, हर्ष, गर्व, लज्जा, उद्दण्डता तथा स्वयं को पूज्य मान्नु यी भावनाले जुन व्यक्तिलाई पुरुषार्थ र सत्मार्गबाट भड्काउँदैन, त्यही व्यक्ति बुद्धिमान् वा पण्डित भनेर चिनिन्छन् ।

विदुर नीति






## गजल

◆ नरेन रिजाल



सङ्गाम जस्तै रौद्र रुप, छरिसकेको थियो ।
साथी भन्न नपाईकन, ऊ झरिसकेको थियो ।

काल रहेछ अद्भूत त्यो, निशब्द पार्यो सबै ।
आमा ! भन्न नपाईकन, ऊ मरिसकेको थियो ।

शिर छेदन थियो सबै, हातपाउ अलग थिए ।
मुढो बनि किनारामा, ऊ ढलिसकेको थियो ।

अश्रुधारा कति बगे, नदि उर्लिए झैं सरी ।
सन्ध्या घाम डुब्न नपाई, ऊ दबिसकेको थियो ।

बिना घर बाबा आमा, छहारी मुनि टोलाईरहे ।
आँखा भित्रको राती गेडी, ऊ बगिसकेको थियो ।

*(गत भदौ १० गतेको भिषण बाढीमा परि ज्यान गुमाउने सबैप्रति श्रद्धासुमसहित) दमक, झापा*

## कविता

### ' सन्त्रास न फैलाउ



◆ ओमप्रकाश गौतम

किन सन्त्रास फैलाउदैछौ ?
सन्त्रास न फैलाउ
किन अनेकन अडकलवाजी
यसरी , त्यसरी आयो भन्दैछौ
भ्यूज कमाउन किन हतारो ?
न तिमी मौसमविद
न भूगर्वविद
न प्रकृतिविद
किन अड्कलवाजी गर्दैछौ ?
न सोचेको प्रकृति बहुरियो
देशको आधार स्तम्भ ढले
मानव क्षतविक्षत भए
पापीहरु सलबलाए
मानव दानव बने
काखहरु रित्तिए
देश प्रसव पीडामा छ
तिमी यो त्यो उ भन्छौ
पटकपटक हेर्नै नहुने
खोलानाला बहुरिएको
तस्वीर पोस्ट्याउछौ किन ?
हिमनदीका छाल देखाउछौ
अलिकति मानवीयता छैन ?
आज तिम्रा भ्यूज कमाउने
तस्वीरले अबोध बालक तर्से
बृद्ध बुवा आमा भक्कानिए
देशका खम्बा इन्जिनियर
लापत्ता छन
न घर, न वास बनायो
अझै अनेकन अडकलवाजी
एउटा कोठामा बसेर
नक्कली युट्युबरको काम
किन गरिरहन्छौ तिमी ?
यदि तिमीमा मानवता छ भने
उठाउ राहत
ब्यूझाउ नेपाली जनता
बैशाख, भाद्र, असोज
जेष्ठ अशुभ महिना
भनिभनि भिडियो नबनाउ
शान्तिका अग्रदुत
गौतम बुद्ध जन्मेको देश हो
हाम्रो नेपाल
सन्त्रास न फैलाउ
शान्तिको कामना गर
देश अझै उठाउने काम गर
प्रकृतिलाइ सामना गर्ने
आवाज उठाउ
सामाजिक संजालमा
सन्त्रासै सन्त्रास न फैलाउ !


*( ०५/१० गतेको अकल्पनीय प्रकृतिको विपत्तिमा ज्यान गुमाएका प्रति श्रद्धासुमनसहित । )*

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# महर्षि अरविन्द

◆ सुमित्रा सिंह



**भारत : दार्शनिक एवं क्रान्तिकारी**
**जन्म : सन् १८७२ मृत्युः सन् १९५०**

अरविन्द घोष एक प्रमुख क्रान्तिकारी थिए । प्रारम्भमा उनले आफ्ना विचारहरूको प्रचारको लागि कुनै कसर उठाएका थिएनन् । उनले अंग्रेजीको अतिरिक्त ग्रीक र ल्याटिन भाषाहरु पनि सिके। क्रान्तिकारीको रूपमा भारतमा उनको निकै सम्मान थियो । उनको जीवनमा ठूलो परिवर्तन आयो र उनले पाण्डिचेरीमा अरविन्द आश्रमको स्थापना गरे, जसले गर्दा उनको प्रसिद्धि विश्वभरि नै फैलियो ।

प्रारम्भमा अरविन्द घोषले बंगालका प्रायः सबै राष्ट्रवादी आन्दोलनमा सक्रिय भाग लिए र जब उनको प्रवृत्ति आध्यात्मिक साधनातर्फ लाग्यो तब उनी आजीवन योग-साधनामा लीन रहे ।

महर्षि अरविन्दको विशेषता यो थियो कि उनले भारतीय र युरोपेली दर्शनमा समन्वयको प्रयत्न गरे। उनले आफ्नो प्रारम्भिक साहित्यिक रचनाहरूको अतिरिक्त 'दिव्य जीवन', 'गीता-रहस्य', 'योग-समन्वय' तथा अन्य अनेक महत्त्वपूर्ण रचनाहरु गरे । सांसारिक उपलब्धिहरूको साथ-साथै आध्यात्मिक र सांस्कृतिक मूल्यहरूको प्राप्ति पनि हुनुपर्दछ भन्ने उनको प्रयत्न थियो ।

अरविन्दको जन्म कलकत्तामा भएको थियो। प्रारम्भिक शिक्षा दार्जिलिङमा भयो । उच्च शिक्षाको लागि इङ्गल्याण्ड गए। उनले आई.सी.एस. परीक्षा पास गर। तर अंग्रेजीको सेवा गर्न मन उनको थिएन । उनले सिस्टर निवेदितासँग पनि कार्य गरे ।

महर्षि अरविन्द प्रायः पाण्डिचेरी आश्रममा साधनारत रहन्थे । आश्रमको सञ्चालनको भार श्रीमती माताको हातमा थियो। उनको आश्रममा योग-साधनाको लागि विश्वभरिका कुना कुनाबाट साधकहरु आउँथे । उनी ब्रह्मलीन भइसके पनि उनको कार्य आज पनि सुचारु रूपले चलिरहेको छ ।

## मनोरञ्जन

# कलाकारका अधिकांश कार्यक्रम स्थगित




दमक/ हरेक वर्ष दर्शकलाई हँसाउन मञ्चमा उत्रिने हास्यकलाकारहरू यसपटक देशको दु:खमा साथ दिँदै पछि हटेका छन् । हास्यकलाकार मनोज गजुरेलको समूहले प्रज्ञा-प्रतिष्ठानमा भदौ १२ देखि १४ गतेसम्म आयोजना गर्न लागेको '८३ सालको गाईजात्रा'हाललाई स्थगित गरिएको छ । हल बुकिङदेखि अन्य सम्पूर्ण व्यवस्थापकीय तयारी पूरा भइसकेको अवस्थामा पनि देशको दु:खद परिस्थितिलाई ध्यानमा राखेर कार्यक्रम रोक्नुपरेको कलाकार गजुरेलले जानकारी दिए । उपयुक्त समय हेरेर यो कार्यक्रम पुन: आयोजना गरिने गजुरेलको भनाई छ ।

त्यस्तै, सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) ले भदौ १२ देखि १५ गतेसम्म आयोजना गर्न लागेको 'हास्य ब्यङ्ग्य प्रहसन २०८३' पनि स्थगित भएको छ । नाचघरका महाप्रबन्धक किरणबाबु पुनका अनुसार देशमा उत्पन्न विषम परिस्थितिका कारण यस वर्षको कार्यक्रम रोकिएको हो ।

विपद्को यस घडीमा अन्तर्राष्ट्रिय सांगीतिक गतिविधिमा पनि प्रत्यक्ष प्रभाव देखिएको छ । अमेरिकी दूतावासले नेपाल भ्रमणमा रहेकी चर्चित अमेरिकी कन्ट्री तथा रक गायिका लिन जेसिकाको काठमाडौं कन्सर्ट स्थगित गरेको छ । दूतावासले विज्ञप्ति जारी गर्दै प्राकृतिक विपत्तिलाई ध्यानमा राख्दै पुल्चोकस्थित 'द प्लाजा' मा शनिबार हुने भनिएको कन्सर्ट रोकेको जनाएको हो ।

नेपालको यो दु:खद घडीमा विदेशमा रहेका नेपाली कलाकारहरूले पनि ऐक्यबद्धता जनाएका छन् । हाल अमेरिकाको सांगीतिक यात्रामा रहेको लोकप्रिय ब्यान्ड 'कन्दरा' ले एटलान्टामा हुने आफ्नो प्रस्तुतिलाई श्रद्धाञ्जली एवं स्मृति सभामा परिणत गर्ने निर्णय गरेको छ ।

'मनोरञ्जनभन्दा मानवीय संवेदना महत्वपूर्ण भएकाले संगीतलाई सेवामा बदलौं', भन्दै ब्यान्डले दु:ख व्यक्त गरेको छ ।

## दैनिक राशिफल



आज मिति
२०८३ साल
भदौ १४ गते
आइतबार
30 Aug. 2026
तिथि: द्वीतिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | नयाँ काममा सफलता मिल्नेछ आज । आर्थिक लाभ हुनेछ आज । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मेहनतको राम्रो परिणाम मिल्नेछ । परिवारबाट सहयोग पाइनेछ आज । |
| मिथुन | का कि कु घ ङ छ के को हा | नयाँ अवसर प्राप्त हुनेछ आज । साथीबाट सहयोग मिल्नेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | योजनामा सफलता मिल्नेछ आज । आर्थिक अवस्था सुध्रिनेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | काममा सफलता हात पर्नेछ । मानसम्मान बढ्नेछ आज । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | सोचेर निर्णय लिनुहोस् आज । स्वास्थ्यमा सुधार आउनेछ । |
| तुला | रा री रु रे रो ता ती तु ते | व्यवसायमा लाभ हुनेछ आज । सम्बन्धमा आत्मीयता बढ्नेछ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | अधुरा काम पूरा हुनेछन् । कारोबारमा सावधानी अपनाउनुहोस् । |
| धनु | य यो भा भी भ धा फा ढ भे | यात्राबाट लाभ मिल्नेछ आज । सहयोगले काम सहज हुनेछ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीको स्रोत बढ्नेछ आज । परिवारमा खुसी छाउनेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | रोकिएका काम अघि बढ्नेछन् । प्रेममा आत्मीयता बढ्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | सिर्जनात्मक काम सफल हुनेछ । नयाँ अवसर प्राप्त हुनेछ । |

# सडक सञ्जालसँग पुनः जोडियो रसुवा



दमक/ भोटेकोशी नदीमा बुधबार बिहान अचानक आएको बाढीका कारण अवरूद्ध भएको रसुवाको सडक सञ्जाल पुनः सञ्चालनमा आएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार काठमाडौँ-टोखा-छहरे-गड्खारपुल-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार-कालिकास्थान-धुन्चेसम्मको सडकखण्डमा चारपांग्रे साना सवारीसाधन चलाउन मिल्ने गरी सडक सञ्चालनमा आएको हो ।

उक्त खण्ड सञ्चालनमा आएसँगै रसुवा पुनः सडक सञ्जालसँग जोडिएको प्राधिकरणले जनाएको छ । सडक सम्पर्क पुनः स्थापित भएपछि बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार तथा अत्यावश्यक सामग्री पुर्याउन सहज हुने अपेक्षा गरिएको छ । भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत जिल्लामा ठूलो जनधनको क्षति भएको छ ।

बाढीका कारण सयौँको मृत्यु हुनुका साथै हजारौँको संख्यामा नागरिक सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन तथा प्रभावित नागरिकको खोजी तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सुरक्षा निकाय तथा सम्बन्धित सरोकार भएका निकाय परिचालन भएका छन् । प्रभावित क्षेत्रमा उद्धार, खोजी तथा राहत वितरण कार्यलाई निरन्तरता दिइएको छ ।

**कोशी र मधेस.....**प्रहरीका अनुसार झापाका १२ जनामध्ये १० जना, इलामका नौ जनामध्ये सात जना, खोटाङका आठ जना, ताप्लेजुङका पाँच जनामध्ये दुई जना, संखुवासभाका तीन जना, धनकुटाका दुई जना र भोजपुरका एक जना अझै सम्पर्कमा आउन सकेका छैनन्रू। त्यस्तै तेह्रथुमका छथर गाउँपालिका-१ स्थित आङ्दिम कोराङ घर भएका ३६ वर्षीय रामभक्त नेवार सम्पर्कविहीन छन् ।

## सोलुखुम्बुका ४१ जना सम्पर्कविहीन

सोलुखुम्बु / भोटेकोशी नदीमा आएको बाढीमा परी सोलुखुम्बुका ४१ जना नागरिक सम्पर्कविहीन रहेको विवरण सार्वजनिक भएको छ । स्थानीय तहले सार्वजनिक गरेको विवरण अनुसार नेचासल्यान गाउँपालिकाका दुई, सोलुदुधकुण्ड नगरपालिकाका १६, थुलुङ दुधकोशी गाउँपालिकाका चार, माप्य दुधकोशी गाउँपालिकाका १०, सोताङ गाउँपालिकाका नौ, महाकुलुङ गाउँपालिकाका तीन र लिखुपिके गाउँपालिकाका तीन जना सम्पर्कविहीन रहेका छन् ।

बाढीमा परी सम्पर्कविहीन भएका नागरिकको खोजी तथा उद्धारका लागि सङ्घीय तथा प्रदेश सांसद, स्थानीय तहका प्रमुख, राजनीतिक दलका जिल्ला नेतृत्व र प्रभावित परिवारका प्रतिनिधिको सहभागितामा छलफल गरी प्रतिनिधि सभा सदस्य प्रकाशसिंह कार्कीको संयोजकत्वमा सर्वपक्षीय समिति बनाएर सरकारसँग आवश्यक समन्वय थालिएको छरू। प्रमुख जिल्ला अधिकारी कमानसिं थापामगर केही व्यक्ति तिब्बततर्फ भएकाले पनि सम्पर्क हुन नसकेको हुन सक्ने बताए ।

## झापाका दुई जना सम्पर्कमा, १२ जना सम्पर्कविहीन

दमक / झापाका १२ जना सम्पर्कविहीन भएकोमा दुई जना सम्पर्कमा आएका छन्रू। बाढीपछि बेपत्ता भएकाका आफन्तले खोजी तथा उद्धारका लागि प्रशासन र सम्बन्धित निकायसँग अपिल गरेका छन् । झापाबाट रसुवाका जलविद्युत् आयोजनामा काम गर्न जाने तथा गोसाइँकुण्ड दर्शनका लागि जानेको संख्या उल्लेख्य रहेको प्रशासनले जनाएको छ । यसैबिच बेपत्ता देवलाल मुर्म फेला परेका छन् । उनलाई उद्धार गरी काठमाडौँ लगिएको अवस्थामा आफन्तसँग भेट भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता रन्जन अवाले बताए ।

## ताप्लेजुङका तीन जना परिवारको सम्पर्कमा

ताप्लेजुङ / भोटेकोशी नदीमा आएको बाढीका कारण सम्पर्कविहीन भएका ताप्लेजुङका तीन जना करिब ३२ घण्टापछि परिवारको सम्पर्कमा आएका छन् । परिवारको सम्पर्कमा आउनेमा आठराई त्रिवेणी गाउँ कार्यपालिका सदस्य शान्ता गुरूङका अनुसार निघुरादिनका पासाङतेन्जी शेर्पा, ङिमासाङ्गे शेर्पा र पासाङ शेर्पा परिवारको सम्पर्कमा आएका छन् । शेर्पा दाजुभाइले भागेर ज्यान बचाएको बताएका छन् । ताप्लेजुङका दुई जना भने अझै सम्पर्कविहीन छन्।

## धनकुटाका दुई जना बेपत्ता

पाख्रीबास / भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी धनकुटाका दुई जना सम्पर्कविहीन भएका छन्रू। सम्पर्कविहीन हुनेमा धनकुटा नगरपालिका-४ स्थित चौतारा घर भएका २७ वर्षीय विपन घिसिङ रहेका छन् । काठमाडौँबाट पर्यटकको गाडी लिएर टिमुरे पुगेका र त्यस दिन टिमुरेको होटेलमा बास बसेका थिए । धनकुटा घर भएका घिसिङ काठमाडौँमा बस्दै आएका थिए । धनकुटा नगरपालिका-७ स्थित घर भएकी ३४ वर्षीय रूबी राई सम्पर्कविहीन छन् । उनी अप्पर त्रिशूली(१ मा कार्यरत रहेको बुवा जंगबहादुर राईले बताए ।

**शिक्षक-कर्मचारी...**तालाबन्दी गरेका छन् । उनले प्रधानाध्यापक भोला यादव, व्यवस्थापन समिति अध्यक्ष तथा छनोट समितिका संयोजक नथुनी दास र शिक्षा समन्वय तथा विकास कार्यालय सप्तरीका शिक्षा समन्वय अधिकारी शशिकुमार यादवबीच मिलेमतो भएको आरोप लगाएका छन् । वडाध्यक्ष दासले भर्ना प्रक्रिया पारदर्शी बनाउन निष्पक्ष छानबिन र परीक्षा प्रक्रिया पुनरावलोकनको माग गर्दै आएका छन् ।

**कांग्रेस इतर**

...निर्वाचन समिति गठन लगायतका कार्यहरु पूर्व निर्धारित कार्यतालिका बमोजिम अगाडि बढाइने उनले बताए ।

विज्ञप्तिमा अदालतबाट न्याय पाउनेमा आफूहरु विश्वस्त रहेको समेत उल्लेख छ। आवेग, उत्तेजना र षडयन्त्रको राजनीति नगरी संयमता र धैर्यताका साथ अघि बढ्ने प्रतिबद्धता उनले जनाए । अदालतले महाधिवेशन रोक्न आदेश नदिएको अवस्थामा चौधौं महाधिवेशनबाट निर्वाचित वैधानिक कार्यसमितिले नै १५ औं महाधिवेशन गराउने उनको जिकिर छ ।

यस्तै विज्ञप्ति मार्फत डा. कोइरालाले गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले पुऱ्याएको अपूरणीय जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरे । उनले बेपत्ताको खोजी, उद्धार र राहतका लागि सरकारको ध्यानाकर्षण गराउँदै मानवीय सेवामा जुट्न पार्टीका सबै तहका कार्यकर्तालाई आह्वान गरेका छन् ।

**साझा....**सीप, क्षमतासँगै पत्रकार अक्षय कोषलाई पनि थप गर्दै अघि बढीरहेको स्मरण गरे ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति देउमान थेवे, कांग्रस केन्द्रिय सदस्य सुरेस सुब्बा, प्रेस युनियन मातहातमा रहेको पत्रकारिता पुरस्कारको दाता परिवारको तर्फबाट मन्दरा चिमरिया पौडेल, प्रेस युनियनका केन्द्रीय महासचिव दिलिप पौडेल, केन्द्रिय सचिव रेजिना गौतम, संगठनहरूको प्रतिनिधित्व गर्दै प्रेस सेन्टरका कोशी प्रदेश सचिव डिकेश लामा, प्रेस युनियनका प्रदेश अध्यक्ष मिनकुमार नवोदित लगायतले बोलेका थिए ।

प्रेस युनियनका सचिव अर्जुन राजवंशीले सञ्चालन गरेको कार्यक्रममा सभापति प्रेस युनियनका जिल्ला अध्यक्ष गिरिराज भट्टराईको सभापतित्वमा सम्पन्न भएको थियो । उनले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न भएको भन्दै केही कमीकमजोरी भए क्षमा चाहँदै आगामी दिनमा सुधारेर अघि बढ्ने प्रतिवद्धता ब्यक्त गरे ।

**६ सय....**तथा डिस्चार्ज भएका घाइतेहरूको सत्त्या १४० रहेको नेपाल प्रहरीले जनाएको छ ।

**अन्तर्राष्ट्रिय**

## चीनतर्फ पनि मृतकको संख्या बढ्दै, ५५४ जना बेपत्ता

बेइजिङ/ बुधबार चीनको सिचाङ स्वायत्त क्षेत्रस्थित केरूङ बन्दरगाहमा आएको पहिरो तथा लेदोसहितको बाढीमा मृत्यु हुनेको संख्या ७ पुगेको छ । अहिले पनि चीनतर्फ ५५४ जना बेपत्ता छन् ।

सिचाङको आपत्कालीन व्यवस्थापन विभागका अनुसार शनिबार बिहानसम्म स्थानीय दुई जना बासिन्दाको उद्धार गरिएको छ । विपद्पछि उद्धार तथा खोजीका लागि २ हजार १४१ जना उद्धारकर्मी र ८६ जना विशेषज्ञ परिचालन गरिएको छ ।

प्राकृतिक स्रोतसहित सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समेत परिचालन गरी आसपासका भीर, सडक तथा अन्य जोखिमयुक्त क्षेत्रमा सम्भावित भौगर्भिक जोखिमबारे निरीक्षण तीव्र पारिएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

सम्भावित थप विपद् रोक्न पहिरोका कारण बनेको तालको निरन्तर निगरानीका लागि पाँच सदस्यीय अनुगमन टोली समेत खटाइएको छ ।

यसैबीच, विपद्का कारण अवरूद्ध भएको १.०२ किलोमिटर सडक सफा गरी पुनः सञ्चालनमा ल्याइएको चिनियाँ अधिकारीहरूले बताएका छन् ।

बुधबार बिहान नेपालतर्फ आएको पहिरो तथा लेदोसहितको बाढी चीनको सिजाङ स्वायत्त क्षेत्रको केरूङ काउन्टीस्थित केरूङ बन्दरगाहसम्म पुगेको थियो । यसको प्रभाव सीमावर्ती क्षेत्रमा ठूलो क्षति भएको छ ।

## ट्याक्टर दुर्घटनामा ३४ घाइते

खोटाङ/ धार्मिक मेला भरेर घर फर्कँदै गरेको अवस्थामा खोटाङमा ट्याक्टर दुर्घटना हुँदा ३४ जना भक्तजन घाइते भएका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ नेर्पास्थित भुलभुले दूधकुण्डमा लागेको धार्मिक मेला भरेर घर फर्कँदै गरेका भक्तजन चढेको ट्याक्टर सोही नगरपालिकाको वडा नं २ सोल्मास्थित छेपेखोलामा दुर्घटना भएको हो ।

गुडिरहेको ट्याक्टरको पछाडिको भाग बीच सडकमा घोप्टिएर भएको दुर्घटनामा पाँच जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निराजन बस्नेतले जानकारी दिए । अस्पतालले रेफर गरेका घाइतेलाई एम्बुलेन्स तथा सुमो जिप रिजर्भ गरेर उपचारमा पठाइएको दिक्तेल रूपाकोट मझुवागढीका उपप्रमुख विशन राईले जानकारी दिए ।

घाइतेको टाउको, हातखुट्टा तथा शरीरका विभिन्न भागमा गहिरो चोट लागेको उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताएका छन् । भक्तजन चढेको ट्याक्टर दुर्घटना दिउँसो २:०० बजेको समयमा भएको प्रत्यक्षदर्शीले बताएका छन् । ट्याक्टर दुर्घटनालगत्तै चालक ओखलढुंगाको सिद्धिचरण नगरपालिका-७ का २३ वर्षीय रिनिमा शेर्पालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## गुगलले बाढीसम्बन्धी आपतकालीन जानकारी र अपडेट सुरू गर्‍यो

दमक । विश्वको सबैभन्दा लोकप्रिय र ठूलो इन्टरनेट सर्च इन्जिन गुगलले नेपालको बाढीसम्बन्धी आपतकालीन जानकारी र अपडेट सुरू गरेको छ ।

गुगलले आफ्नो होमपेजमै नेपालको बाढी आपतकालीन जानकारी र अपडेटहरू (Nepal flash flood emergency info & updates) लिंक राखेको छ ।

जुन लिंकबाट बाढीग्रस्त क्षेत्रको नक्सा, क्षतिसम्बन्धी सूचनासँगै खोज, उद्धार तथा राहतलगायतका विषयमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित समाचार, भिडिओलगायतका विषय एकैठाउँमा हेर्न सकिनेछ ।

गुगलले प्राकृतिक विपद्को समयमा नागरिकहरूलाई द्रुत, विश्वसनीय र समयमै सूचना उपलब्ध गराउन यो प्रणाली सक्रिय गरेको हो ।

**कुटपिट...**जनैपूर्णिमा एवं ऋषितर्पणीको अवसरमा शुक्रबार सालपा पोखरीमा लाग्ने मेला भर्नको लागि सोही क्षेत्रमा बसेका राईको राति करिब १२ बजे कुटपिटबाट मृत्यु भएको खबर आएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

**धनकुटामा...**व्यक्तिका नाममा गाईजात्रा निकालेर सहर परिक्रमा गराउन आदेश दिएपछि गाईजात्राको चलन सुरू भएको मानिन्छ ।

गाईजात्राले मात्रै रानीको मन शान्त नभएपछि विभिन्न प्रकारका प्रहसन तथा व्यंग्यात्मक कार्यक्रम पनि गराउने आदेश दिएअनुरूप जात्राको प्रचलन चलेको विश्वास रहिआएको छ । यसदिन एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिँगारी बजार परिक्रमा गराएर उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने प्रचलन रहेको छ ।

**मौसमी हाँस्य - व्यंग्य**

# ऐंसेलु झाँगेको 'दाम खामेको खाम हाम गर्ने' ट्याउटिस् !

-: व्यंग्यनारान पाँडे :-

"अनेकका गिजिङमिजिङ(ग्यान्जेम्यान्जे कुराले जन्तालाई लफन्ड्याउने खेला हो यो लो'तान्तिक गन्तन्त्रको रा'नीतिकल पोल्टिसको मेन ग्याम भन्ने कुरो मलाई बिउटीफुल्ली र हेन्सम्ली नै था छ क्या पाँडेजी, रइ भा पनि अैले बालिन सा'को अबोला सर्खार छ । सुद्धन ग्रुङ जैसा कडा गिर्हे मन्तृ भाको ट्याम छ । हामेरले अलि क्यारलेस गरेर गतिबिदि र साभिकको पेल्टिकल खेल्ने तडिकामै चकचक गरेउँ भने पुर्बाग्रले पनि एस्सीडेनमा पार्णे डरको सस्पेटिङ छ । र, साभिककै जैसो पोल्टिस हाँकेर मउका(चानसमा ग्याम्म गोजी भर्णे र अरू(अन्ने ट्याम्मा च्यास्स(चुस्स डेल्लीको चा(पानी वा ऐंठनपानी नै भनम् न र तेल्लाई चाइँने सितन(नस्ता चल्ने आरथिक हातलागी गर्ण अैलेकालमा निक्कै डिफ्फिकल्टिमए भइर'छ ! तेसैले पाट(ट्याममा बरू 'दाम खामेको खाम'(को च्चोख्खो र इजोतिलो कमाइ हुने खाल्को 'पत्रकार गर्णे' धन्धा पो अभलम्भन गरें हउ मैले त । कतिपए होइन धेरैपएले तेता लागेर अन्भार फेरिराख्या देखें कि अन्तखेरी एस्तो डिस्सिसेन पो गरें ।"( पाँडेकहाँ आउँदा(आउँदै त के, पाँडे बसिरहेको बार्दलीमा उक्लिँदा(उक्लिँदै, ऐंसेलु झाँगेले फटटटट यसो भन्यो ।

उसको कुरो सुनेर पाँडे एक अध्याय सिङ्गै हाँस्यो र हाँसोसँगै भन्यो ("हन 'पत्रकार गर्न' त्यति सजिलो छ र ? कि सिकेका छौ तिमीले पनि त्यस्तो पत्रकार खेल्न हँ ?" उसले मन्टो परक्क बटारेर त्यसका, महिनौ माटोमा परेको फलाम जस्ता, बेसारे दाँत देखाएर फिस्स हाँसो पोख्तै भन्यो ("आआआ, पत्रकार गर्णे बिज्नेस त उधुमै इज्जिलो छ र पोइसो पनि, टुक्राटाक्री हातलागी हुने भा पनि, आच्छा कमाइ छ तेस बिज्नेसमा चइँ तडिका जान्दाहुँदी । कइल्यै हात खाली होस् त मर्रिजाउँ ल । र, मैले पनि 'भनेको मान्नेहेरूको एउडा चिटिक्क परेको स्यान्निकेट बनाइरछु । जाँ(जाँ जे(जेको समारो, बार्सिक अदिबेसन, अबिमुखीकर्ण गोस्टी, सार्भज्यानिक सुन्बाइ, बज्जेट भासण(भन्तब्बे इत्तेदि हुँदाखेरिन् पत्रकार गर्णे व्याक्ति आबसेक हुने गर्छ । हो तेस्ता पोरगाममा हामेरूमद्दे एउडालाई इन्भायट कतैबड मिला'र अरूलाई बोलाको भओस् कि नभओस् हामेरू जम्मैजाना तेइ एउडो इन्भायटको आँटमा हाताँ कलम(कागत र आ(आफ्ना मोबिल बोकेर, झोला भिरेर, गुठ्खा चबाउँदै र ताहुरमाहुर गर्दै पुग्छम् । र, दाम खामेको खाम हातलागी भएसि त्याँ भ'को मिठाइ(सिङघडा भोगेर घुर्छम् क्या । रा'नीतिकको पोल्टिकल खेल्ने नाथेमा के मज्जा छ र जुन मज्जा पत्रकार गर्णे बिज्नेसमा छ । नेताको मान(मनितो गर्णु परोस् न तिनका झोलेहर्लाई घरिघरि खैनी मोलेर ख्वाउने भ्यान्जट बिहोर्नु परोस, तेस्स्यामाटोक्ने ! तपइँले यो मज्जा बुजेको भा त तपइँ पनि पक्कै पनि घरमै किन थच्चिरन्थ्यौ होला र !" पाँडेले दोस्रो अध्याय फुल भोल्यूम हाँसेपछि सोध्यो ("अनि दाम खामेको खाम हाम गरेपछि समाचार चाहिँ लेख्नु पर्दैन ? समाचार लेख्ने सीप पनि चाहिँदैन र? तिमी त लौ कनीकुथी लेखौला, ती अरू..."

पाँडेलाई ओभरटेक गर्दै त्यसले भन्यो -"अन्त समचारको निउच लेख्ने म जो छइँ छुइन त ? तो मेरो डिपाटमेन होइन्त ?... सबा-समारोका कर्जीमर्जी-आन्द्राभूँडी निउच त सम्पादकहर्ले आफ्फै लेखिहाल्छन् नि तेसो त । तेता हामेरले ट्यान्सिन लिने कामै छैन ! हामेरू त धेरैपए प्ररी, ससश्र र भन्सारले पोके बिलेकका माल पक्रेको वा कर, माल्पोत, अन्तसुक्ल, भन्सारहर्ले कति कर उठाए अथैबा सिड्यो साहेपले कति नाग्रिकता बितर्ण गरिस्यो, अदलत अयाले कति मुद्दा छिनो भन्ने रिकटको कञ्चन समचार लेख्छउँ र दइनिकीका डेल्ली पत्रिकाँ उठाउँछौं र तेताबड क्यातिको फैदा गर्छम् । झापामा समचारको निउच रच्ने एस्तो पिउर ट्याउटिस मैले नै दइनिकका दइनिक निक्सिने डेल्ली अक्बारहर्लाई भखर त सिक्लाइ गराउन थालिरछु । आम्मई नि, पत्रकार गर्णे बिज्नेसमा कुन समचारको माल कति मुल्लेङ्गिन हुन्छ भन्ने म जान्दिन भन्छउ कि क्या हो ? मेरो स्यान्निकेटमा म नै सब्से धेर पढेको ज्यान हुँ । मैले हिसापको अर्थम्याटिक र अल्जेभ्रा खुर्लप्पै रटेर ग्याजुअैट पास गरेको एतिका वर्खको फेन्सिपमा पनि तपइँलाई पिटिस्सै था रैनछ ! ....लु मैले हिँजो लेखेर अक्बार वा यफ्फेममा पोस गर्ण नभ्याइराख्या एउडा ताजा(चोख्खो सम्चारको निउच सिरेसली भ'र पढ त तपइँ । लु-लु अछेर र सब्द नछुटाई पढ हइ ! ....

उसले यति भनेर एउटा दोबारेर कुच्चिएको कपीको सो पाना पल्टाएर पाँडेको हातमा थमायो । त्यो समाचारको शीर्षक थियो("मादक पदार्थ डग्स बेपारी ग्याम्मै गिफ्तार" र पेटबोलीमा समाचार चाहिँ यस्तो थियो -

"भद्रपुर नर्पाल्का झापा, बिक्राम सम्बत २०८३ भदौ १२ गते जनेउ पूर्णे थिति । लागू अउसत डग्सको बेपार गर्णे एउडो इण्ड्याण केटो पढ्केले दुईटा चुरोसमा चरेस भरेर खल्तीमा बोकेको र 'बाउन् सुग्गर' भरेको चुरोस चइँ फस(फस् तान्दै गरेको अबस्तामा एकजाना नामी सकरिए सुरच्छाकर्मी हल्साहेपले ठामका ठाम गिप्तार गरिसेको सम्चार पाप्त भ'को छ । बोडरमा खटिएका सुरच्छाकर्मी ब्रिच्छिक रासी र खपतरी गोत्रका बस्नेत, बुबा डम्बरसिङ र आम्मा धनमयाँका माइला छोरा, उमेर भख्खर बर्स अट्ठाइसका नउ किलास पास हल्साहेप सिरि नरेसज्यूले सो(उक्त डग्स ओसरपसारकर्ता इण्ड्याण लबरचोट्टालाई गिप्तार गरिसेर केरकार गरेर सो इण्ड्यानसँग ए'छिन् 'एकान्त' गरिसेपछि तारेखमा उसकै घरतिर खुरुक्क धपाइसेको छ । सम्चार सोर्तले बताए अन्सार उक्त अबिउक्तको नाम, थर, ओतन अैले गेप्पे राखिने उक्त हल्साहेबले निर्लए गरिसेकामा तो ब्लेक्याका दोस्तहेरू खुस् भ'का पनि जानकारी भ'को छ । एस घटनाले थानीए जन्तामा ढुक्क छाएको पनि सम्चार सोर्तको दाभी छ ।"

- पढिसकेर तेस्रो अध्याय भुँडी बाउँडिने गरी हाँस्तै पाँडेले के भन्न आँट्तैथ्यो उसैले गौरवका साथ पक्क पोकिँदै भन्यो ("लु भन तपइँ नै यो सम्चारको निउचमा केइ कुरो छुट्यो त ? अैले हामेरकातिर एस्तो निउच लेखिने प्रम्प्रा चलिराखेको छ । कुनै(कुनै दिनको दइनिकीको डेल्ली अक्बारमा त जम्मा( टोट्टल गोडा बीसेक निउचका खब्बर छापिया ठाममा गोडा पन्द्रेक चइँ एस्तै(एस्ता निउचले लटरम्मै हुन्छन् र यो प्रम्प्रा इस्टाटिन गर्णे म हुँ भनेर उधुमै खुसी हुने गर्छु म क्या पाँडेजी ।"

उसका बकमफुसे कुरा सुनेर गिजोलिएको दिमागमा के आयो कुन्नि र पाँडेले भन्यो (" तिमी कति दमदार पत्रकार भन्ने त तिमीले लेखेको न्यूजबाटै बुझें नि मैले । पार्टी(पार्टीका झोले र बिचौलियागिरी गरिखाने थुप्रै 'पत्रकार हुँ' भन्दै दाम खामेको खाम हाम गरिखानेहरूको भीडमा अब तिमी पनि थपिएछौ । खैर छोड यी कुरा ! अनि त्यो तिमीले भनेको 'हल्साहेप' विवाहित हुन(होइ'न्, हुन् भने तिनकी श्रीमतीको नाम अनि ससुराली को हुन् र कहाँका हुन् , छोराछोरी कति छन् कि छैइन्, छन् भने कत्रा(कत्रा छन् इत्यादि त तिमीले लेखेको न्यूजमा छुटेछन् त ? "

पाँडे थप के भन्न आँट्तैथ्यो, उसले उसकै तिग्रा फ्याट्ट कुट्यो र भन्यो ( "उउउस, तपइँ त जिउँदै बूढो भ'छौ नि हओ पाँडेजी ! अन्तखेरी, तपइँ त एउडै निउजमा रम्माइन नै पो खोद्न थालेछौ त र जिउँदै बूढो भ'को लच्छिन पो दिन थालेछौ त ! जमाना काँ पुगिसको !...थैट, एस्तो पोचो मान्छेसित बउधिक कुरा गरेर मेरो बउमुल्ले ट्याम किन लस् गरिरनु हउ ! लु म चइँ हिनें !"...

त्यो काउछो त उल्टै फन्फनाएर हिँड्यो पो !!...र, पाँडेले अघिदेखि बिरक्तिएको टाउको सुम्सुम्याउँदै मनमनै आफैलाई भन्यो ("हन झापाको पत्रकारिता साँच्चै यही ऐंसेलु झाँगेकै 'ट्याउटिस'(को रोडे बाटोमा अन्भरिँदैछ कि कसो ? छक्कै पो परियो त हँ ?"....

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०